19.04.2026 (Sunday)

आकाशवाणी

मुख्य समाचारहरूबाट...।

1.उपराष्ट्रपति सी.पी. राधाकृष्णनले श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायकेसँग गर्नुभयो भेटवार्ता..

2.प्रधानमन्त्री मोदीद्वारा पश्चिम बङ्गालमा चुनावी सभा, राज्यको विकास र महिला सशक्तीकरणका मुद्दामा केन्द्रित सम्बोधन...

3. ओडिशा राज्य औद्योगिक एवं प्राविधिक विकासको नयाँ चरणमा प्रवेश गरेको केन्द्रीय मन्त्री अश्विनी वैष्णवको भनाई..

4. कपडा मन्त्रालयले *'विश्व सूत्र - विश्वका लागि भारतीय बुनाइ' (Vishwa Sutra - Weaves of India for the World) नामक नयाँ पहलको गर्यो प्रारम्भ.. अनि

5.उत्तर-पूर्वी राज्यहरूमा मेघगर्जनसहित वर्षा र राजस्थान तथा यूपीमा तातो हावा चल्ने मौसम विभागको चेतावनी..

----------

1.उपराष्ट्रपति सी.पी. राधाकृष्णन

भारतका उपराष्ट्रपति सी.पी. राधाकृष्णनले आज कोलम्बोस्थित राष्ट्रपति सचिवालयमा श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायकेसँग भेटवार्ता गर्नुभएको छ । दुई नेताबीच दुई देशबीचको बहुआयामिक सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यका साथ विस्तृत र फलदायी छलफल भएको छ ।

भेटका क्रममा उपराष्ट्रपति राधाकृष्णनले भारतको 'छिमेकी पहिलो' (Neighbourhood First) नीतिको प्रतिबद्धता दोहोर्‍याउँदै आपसी विकास र समृद्धिका लागि निरन्तर सहयोग रहने कुरामा जोड दिनुभयो । दुवै पक्षले **'भारतीय आवास परियोजना'** लगायतका चलिरहेका

पहलहरूको समीक्षा गर्नुभयो । साथै, छलफलका क्रममा चक्रवात 'दितवाह' (Cyclone Ditwah) बाट प्रभावित क्षेत्रहरूका लागि भारतले उपलब्ध गराएको ४५ करोड अमेरिकी डलरको सहायता प्याकेज अन्तर्गत भइरहेका कार्यहरूको पनि समीक्षा गरिएको थियो ।

यसैगरी, उपराष्ट्रपति राधाकृष्णनले श्रीलंकाकी प्रधानमन्त्री डा. हरिनी अमरसूर्यासँग पनि भेटवार्ता गर्नुभएको छ । दुवै नेताहरूले द्विपक्षीय सम्बन्धका साथै जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउने महत्त्वका बारेमा छलफल गर्नुभयो।

## 2.पश्चिम बंगालमा विधानसभा

पश्चिम बंगालमा विधानसभा निर्वाचनको मिति नजिकिएसँगै राजनीतिक दलहरूले आफ्नो प्रचार अभियानलाई तीव्र पारेका छन् । राज्यमा आगामी वैशाख २३ र २९ गते दुई चरणमा मतदान हुँदैछ ।

यसै सन्दर्भमा प्रधानमन्त्री नरेन्द्र मोदीले आज झारग्राम, पुरुलिया र विष्णुपुरमा चुनावी सभाहरूलाई सम्बोधन गर्दै राज्यमा 'डबल इन्जिन' सरकार बनेमा महिलाहरूले दोब्बर लाभ पाउने दाबी गर्नुभयो । उहाँले टीएमसी (TMC) सरकारले घुसपैठियाहरूलाई प्रश्रय दिएको र आदिवासीहरूको जग्गा अवैध रूपमा कब्जा गरेको आरोप लगाउनुभयो । श्री मोदीले देशको विकास सुनिश्चित गर्नका लागि राजनीतिमा महिलाहरूको सहभागिता अझ बढ्नुपर्नेमा जोड दिँदै भाजपा महिला सशक्तीकरणको पर्याय रहेको र पार्टी महिलाहरूको रक्षा एवं सुरक्षाका लागि पूर्ण रूपमा प्रतिबद्ध रहेको कुरा स्पष्ट पार्नुभयो ।

प्रधानमन्त्रीले तृणमूल कांग्रेस र कांग्रेस दुवैलाई आदिवासी विरोधीको संज्ञा दिनुभयो ।यसका साथै, श्री मोदीले तृणमूल कांग्रेसमाथि घुसपैठियाहरूलाई फाइदा पुऱ्याउन कानुनको उल्लंघन गरेको र धर्मको आधारमा आरक्षण दिएको आरोप समेत लगाउनुभयो । उहाँले तृणमूल कांग्रेसलाई महिला सशक्तीकरणको विरोधी भएको दाबी गर्नुभयो ।

प्रधानमन्त्री मोदीले यो निर्वाचन बंगालको पहिचान बचाउने लडाइँ भएको बताउँदै भ्रष्टाचार र कुशासनबाट मुक्ति पाउन जनताले भाजपालाई आशाको नजरले हेरिरहेको उल्लेख गर्नुभयो ।

अर्कोतर्फ, तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले हुग्ली र पूर्व बर्धमानमा जनसभा गर्दै भाजपा सत्तामा आए टीएमसीले दिएका सबै जनकारी सुविधाहरू खोसिने दाबी गर्नुभयो। उहाँले

'कन्याश्री' योजना मार्फत १ करोड छात्राहरू लाभान्वित भइरहेको चर्चा गर्दै केन्द्र सरकारले महिला आरक्षण विधेयक कार्यान्वयनमा ढिलाइ गरेको आरोप लगाउनुभयो ।

यसैबीच प्रधानमन्त्रीले अक्षय तृतीयाको अवसरमा समस्त नागरिकहरूमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ । सामाजिक सञ्जालमा एक सन्देश जारी गर्दै प्रधानमन्त्रीले यो पर्वले सत्कर्म, दान र सेवाको मार्गमा लाग्न प्रेरित गर्ने बताउनुभएको छ । श्री मोदीले यो पावन पर्वले सबैको जीवनमा सुख, समृद्धि र सुस्वास्थ्य ल्याओस् भन्ने कामना गर्नुभएको छ ।

यसैगरी, प्रधानमन्त्रीले परशुराम जयन्तीको अवसरमा पनि शुभकामना दिनुभएको छ । भगवान परशुरामले नागरिकहरूलाई अन्यायको विरुद्ध दृढतापूर्वक उभिन र सत्यको मार्गमा अडिग रहन प्रेरणा दिने उहाँले उल्लेख गर्नुभयो ।

### 3.केन्द्रीय गृह मन्त्री

भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता तथा केन्द्रीय गृह मन्त्री अमित शाहले आज तमिलनाडुको ईरोड जिल्ला अन्तर्गत शिवागिरी र मोडाकुरिचीमा चुनावी सभा तथा **'रोड-शो'** गर्नुभएको छ । चुनावी अभियानका क्रममा उहाँले वर्तमान डीएमके (DMK) सरकारमाथि भ्रष्टाचार र परिवारवादको गम्भीर आरोप लगाउँदै कडा आलोचना गर्नुभयो ।

जनसभालाई सम्बोधन गर्दै श्री शाहले राज्यमा **एआईएडीएमके** (AIADMK) प्रमुख एडप्पाडी के. पलानीस्वामीको नेतृत्वमा रहेको एनडीए (NDA) गठबन्धन अत्यन्त सफल र बलियो रहेको बताउनुभयो ।

### 5.केन्द्रीय इलेक्ट्रोनिक्स एवं सूचना प्रविधि मन्त्री अश्विनी वैष्णव

केन्द्रीय सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले आज ओडिशा राज्य बलियो नीतिगत समर्थन र बढ्दो लगानीका साथ औद्योगिक एवं प्राविधिक विकासको नयाँ चरणमा प्रवेश गरिरहेको बताउनुभएको छ ।

भुवनेश्वरको इन्फो भ्यालीमा भारतकै पहिलो उन्नत **'थ्री-डी ग्लास सबस्ट्रेट प्याकेजिङ'** (3D Glass Substrate Packaging) केन्द्रको शिलान्यास गर्दै मन्त्री वैष्णवले उक्त कुरा बताउनुभएको हो । **'थ्री-डी ग्लास सोलुसन'** (3D Glass Solutions) द्वारा स्थापना गरिने यस

केन्द्रले देशमै पहिलो पटक अत्याधुनिक ग्लास सबस्ट्रेट प्रविधिको निर्माण गर्नेछ । मन्त्रीका अनुसार यस्ता उन्नत प्याकेजिङले सेमिकन्डक्टरको भविष्य, विशेष गरी आर्टिफिसियल इन्टेलिजेन्स (AI) र उच्च-क्षमताको कम्प्युटिङ क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

यस अवसरमा मन्त्री वैष्णवले इलेक्ट्रोनिक्स उत्पादन र रोजगारी सिर्जनाका लागि अनुकूल वातावरण निर्माण गरेकोमा ओडिशा सरकारको प्रशंसा समेत गर्नुभयो । करिब दुई हजार करोड रुपैयाँको लगानीमा स्थापना हुन लागेको यस परियोजनाबाट झण्डै २,५०० रोजगारीका अवसरहरू सिर्जना हुने अपेक्षा गरिएको छ ।

## 6. कपडा मन्त्रालय - विश्व सूत्र

भारतको कपडा मन्त्रालयले *'**विश्व सूत्र - विश्वका लागि भारतीय बुनाइ**' (Vishwa Sutra - Weaves of India for the World) नामक नयाँ पहलको सुरुवात गरेको छ । यस पहलमा आधारित एक डिजाइनर सङ्ग्रह ओडिसाको भुवनेश्वरमा आयोजित ६१ औँ 'फेमिना मिस इन्डिया' मा प्रस्तुत गरिएको थियो ।

यस पहललाई विकास आयुक्त (हस्तकला) को कार्यालयले राष्ट्रिय फेसन प्रविधि संस्थान (NIFT) सँगको सहकार्यमा विकास गरेको हो । यसको मुख्य उद्देश्य भारतीय हस्तकलालाई समसामयिक विश्वव्यापी डिजाइनको ढाँचामा प्रस्तुत गर्नु रहेको छ ।

यस अभियान अन्तर्गत देशभरका ३० वटा फरक-फरक हस्तकला बुनाइहरूलाई एकसाथ ल्याइएको छ, जसले ३० वटा विभिन्न राज्यहरूको प्रतिनिधित्व गर्दछन् । यी बुनाइहरूलाई विश्वका ३० देशहरूबाट लिइएको डिजाइन प्रेरणासँग रचनात्मक रूपमा समायोजन गरिएको छ, जसले विविध संस्कृति र आधुनिक फेसन चेतनालाई झल्काउँछ ।

कपडा मन्त्रालयका अनुसार, यो पहलले सरकारको **'भोकल फर लोकल टु ग्लोबल'** को परिकल्पना र प्रधानमन्त्रीको *'५ एफ' (5F)* ढाँचा— **फार्म** (खेत) देखि **फाइबर** (रेशा), **फ्याक्ट्री** (कारखाना), **फेसन** र **फरेन** (विदेश)— लाई मूर्त रूप दिनेछ ।

### 7. मौसम पूर्वानुमान:

भारतीय मौसम विज्ञान विभाग (IMD) ले भोलि पूर्वी राजस्थान, पूर्वी उत्तर प्रदेश, झारखण्ड र ओडिसामा तातो हावा (Heat Wave) चल्ने पूर्वानुमान गरेको छ । मौसम विभागका अनुसार आगामी दुई दिनसम्म तटीय आन्ध्र प्रदेश, तटीय कर्नाटक, तमिलनाडु, पुडुचेरी र कराइकलमा मौसम तातो र ओसिलो (Humid) रहनेछ ।

अर्कोतर्फ, उत्तर-पूर्वी भारतका अरुणाचल प्रदेश, असम र मेघालयमा यस महिनाको २२ गतेसम्म भारी वर्षा हुने सम्भावना छ । त्यस्तै, उत्तरी भित्री कर्नाटकमा आगामी दुई दिनसम्म मेघगर्जन र असिनासहितको वर्षा हुने अनुमान गरिएको छ ।

मौसम विभागले भोलि पश्चिम मध्य प्रदेश, मध्य महाराष्ट्र, मराठवाडा, छत्तीसगढ, उप-हिमालयी पश्चिम बंगाल, सिक्किम र उत्तर-पूर्वी राज्यहरूमा मेघगर्जन र चट्याङसहितको वर्षा हुने भविष्यवाणी गरेको छ । यस्तै मौसमी अवस्था दक्षिण भित्री कर्नाटक, तेलंगाणा, विदर्भ, आन्ध्र प्रदेश, केरला, माहे, कोन्कण र गोवामा पनि कायम रहने विभागले जनाएको छ ।

### 8.एक पटाका कारखाना

आज दिउँसो तमिलनाडुको विरुधुनगर जिल्लाको भी. मुथुलिंगपुरमस्थित एक पटा.का कारखाना विस्फोट हुँदा २१ जनाको मृत्यु भएको छ ।

यस दुर्घटनामा ६ जना गम्भीर घाइते भएका छन् र उनीहरूलाई तत्काल उपचारका लागि नजिकैका अस्पतालहरूमा भर्ना गरिएको छ। कारखानाभित्र मजदुरहरूले प्रज्वलनशील रासायनिक पदार्थहरू ओसारपसार गरिरहेका बेला उक्त विस्फोट भएको जनाइएको छ ।

यसै सन्दर्भमा राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले तमिलनाडुको विरुधुनगर जिल्लास्थित एक पटाका कारखाना भएको विस्फोटमा भइ जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ ।

सामाजिक सञ्जालको एक पोस्टमार्फत राष्ट्रपतिले शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ।

त्यस्तै, उपराष्ट्रपतिले यस घटनालाई हृदयविदारक भन्दै विस्फोटमा ज्यान गुमाउनेका परिवारप्रति सहानुभूति प्रकट गर्नुभएको छ।

यसैगरी, प्रधानमन्त्री मोदीले पनि दुर्घटनामा आफ्ना प्रियजन गुमाएका परिवारहरूप्रति समवेदना व्यक्त गर्नुभएको छ। उहाँले घाइतेहरूको शीघ्र उपचार र स्वास्थ्य लाभको कामना समेत गर्नुभएको छ।

Sports…..महिला क्रिकेट

महिला क्रिकेट अन्तर्गत, डर्बनको किंग्समेड स्टेडियममा दक्षिण अफ्रिकासँग भइरहेको पाँच खेलको शृङ्खलाको दोस्रो टी-२० अन्तर्राष्ट्रिय खेलमा, पछिल्लो समाचार प्राप्त हुँदासम्म भारतले ___ ओभरमा ___ रन बनाएको छ । यसअघि, आयोजक दक्षिण अफ्रिकाले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो।

यस शृङ्खलाको पहिलो खेलमा हरमनप्रीत कौरको नेतृत्वमा रहेको भारतीय टोली ६ विकेटले पराजित भएको थियो। उक्त खेलमा भारतले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १५७ रन बनाएको थियो। जवाफमा लाउरा वोल्भार्टको नेतृत्वमा रहेको दक्षिण अफ्रिकाले १९.१ ओभरमा ४ विकेट गुमाउँदै लक्ष्य पूरा गरेको थियो।